का.जि.का.द.नं. ७९२/०६९/०७०
स.क.प.द.नं. ३६९९२/०६९/०७०
पो.ब.नं. २०७१२

**Attn: News Desk**

फोन नं.: ०१-४५३२२७०
०१-४५३२२७१

# नेपाल सुनचाँदी व्यवसायी महासंघ


## Federation of Nepal Gold & Silver Dealers' Associations


स्थापित : २०६९
काठमाडौं ।

चलानी नं. :

Date : 2082/10/02

### Weekly Chart




| Date | Day | GoldPer 10g | Gold Per Tola | Silver Per 10g | Silver Per Tola |
|---|---|---|---|---|---|
| 2082/09/27 | Sunday | 2,31,995 | 2,70,600 | 4278.00 | 4,990 |
| 2082/09/28 | Monday | 2,35,510 | 2,74,700 | 4454.00 | 5,195 |
| 2082/09/29 | Tuesday | 2,37,055 | 276,500 | 4578.00 | 5,340 |
| 2082/09/30 | Wednesday | 2,38,340 | 2,78,000 | 4848.50 | 5,655 |
| 2082/10/01 | Thursday | 2,37,055 | 2,76,500 | 4702.50 | 5,485 |
| 2082/10/02 | Friday | 2,37,655 | 2,77,200 | 4839.50 | 5,645 |

### सुनचाँदीको मूल्यमा ऐतिहासिक रेकर्ड कायम

यो साता नेपाली बजारमा सुनचाँदीको मूल्यमा ऐतिहासिक रेकर्ड कायम भयो । सुनको मूल्य पहिलो दिन आइतबार प्रति १० ग्रामको रु २,३१,९९५ रहेकोमा सोमबार, मंगलबार एक पछि अर्को उच्च मूल्य बनाउँदै बुधबार आइपुग्दा हालसम्मकै उच्च प्रति १० ग्राम २,३८,३४० कायम भयो । साताको अन्तिम कारोबार दिन शुक्रबार भने उच्च मुल्यबाट केही घट्यो । समग्रमा शुक्रबार आइपुग्दा आइतबारको तुलनामा प्रति १० ग्राम ५ हजार ६६० रुपैंयाँ बढी हो भने तोलामा प्रतितोला ६ हजार ६०० रुपैयाँ बढी हो ।

त्यस्तै चाँदीको मूल्यले पनि यो साता ऐतिहासिक रेकर्ड कायम गरेको छ । साताको पहिलो दिन आइतबार नै प्रति १० ग्राम ४२७८ कायम भएर उच्च मूल्य रहन पुगेकोमा सोमबार, मंगलबार निरन्तर बढ्दै बुधबार आइपुग्दा प्रति १० ग्रामको ४८४८ रुपैंया ५० पैसा कायम भयो, जुन हालसम्मको उच्च हो । बिहीबार उच्च मूल्यबाट घटेर कारोबार भएकोमा शुक्रबार बिहीबारको मूल्यमा केही बढेर प्रति १० ग्राम चाँदीको ४८३९ रुपैयाँ ५० पैसा कायम भएको छ । समग्रमा साताभर चाँदी प्रति १० ग्राम ५६१ रुपैयाँ ५० पैसाले बढी हो भने तोलामा प्रतितोला ६५५ रुपैयाँ बढी हो।

भूराजनीतिक अस्थिरता, बढ्दो मुद्रास्फीति, केन्द्रीय बैंकहरुले खरिद बढाउनु, घट्दो ब्याजदर, सुरक्षित लगानीको रुपमा लगानीकर्ता सुनतर्फ आकर्षित हुँदा सुनको मूल्य अन्तराष्ट्रिय बजारमै उच्च रहन पुगेको विश्लेषकहरुको भनाई छ । त्यस्तै चाँदीको मूल्य बढ्नुमा भने औद्योगिक माग र चिनियाँ निर्यात नियन्त्रण जस्ता कारण रहेको बताइएको छ ।

किरणभाई बज्राचार्य
महासचिव

email: info@fenegosida.org/ webside: www.fenegosida.org, Post Box No: 20712